## यो आकाशवाणी हो ।

### मुख्य समाचार

- भारत र संयुक्त अरब अमीरात बीच परस्पर व्यापक रणनीतिक भागीदारीलाई अझै बलियो बनाउनका लागि परस्पर संकल्पको पुष्टि
- प्रधानमन्त्री किसान संपदा योजनाका लागि एक हजार नौँ सय बिस करोढ रूपियाँका अतिरिक्त परिव्ययका साथ जम्मा छ हजार पाँच सय बिस करोढ रूपियाँको परिव्ययलाई स्वीकृती दिएको छ
- - AIIMS देवघरले पहिले भन्दा राम्रो **प्राथमिक** स्वास्थ हेरचाह तथा चिकित्सा सुविधाहरू सुनिश्चित गरेको छ
- घूसको मामिलामा दिल्ली विकास प्राधिकरणका एक जना अधिकारी गिरफ्तार
- पद्म पुरस्कारका लागि नामाङ्कन र सिफारिसहरूको अन्तिम तिथि पन्द्रह अगस्त सम्म बढ़ाइएको

-------------

### प्रधानमन्त्री-संयुक्त अरब अमीरात राष्ट्रपति

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले संयुक्त अरब अमीरातका राष्ट्रपति शेख **मोहम्मद बिन जायद अल नाहयान** संग फोनमा बातचीत गर्नुभयो । प्रधानमन्त्री कार्यालयले एउटा बयानमा बताएको छ , दुबै नेताले भारत र संयुक्त अरब अमीरात बीच परस्पर व्यापक रणनीतिक भागीदारीलाई अझै बलियो बनाउनका लागि परस्पर संकल्पको पुष्टि गर्यो । उहाँले परस्पर सहयोगको विभिन्न क्षेत्रमा भएको उल्लेखनीय प्रगतिको आकलन पनि गर्नुभयो । साथै दुबै देशका मानिसको लाभका लागि सहयोगलाई अझै सुदृढ गर्नमा रजोड दिनुभयो । संयुक्त अरब अमीरातका राष्ट्रपतिले भारतको इतिहासमा सबैभन्दा लामो समयसम्म

पदभार ग्रहण गर्ने दोस्रो प्रधानमन्त्री बन्नमा श्री मोदीलाई बधाई अनि शुभकामना दिनुभयो ।

**संशो मंत्रीमन्डल**

केन्द्रीय मन्त्रीमण्डलले पन्द्रहौं वित्त आयोग चक्रको बेला जारी केन्द्रको योजना प्रधानमन्त्री किसान संपदा योजनाका लागि एक हजार नौँ सय बिस करोढ रूपियाँका अतिरिक्त परिव्ययका साथ जम्मा छ हजार पाँच सय बिस करोढ रूपियाँको परिव्ययलाई स्वीकृती दिएको छ। आज नयाँ दिल्लीमा सम्वाददाताहरूलाई जानकारी दिँदै सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो , यसमा बजट घोषणाका अनुरूप घटक योजना- एकृकृत शीत श्रृखला र मूल्य संवर्धन अवसंरचना- ICCVAI का अन्तर्गत पचास बहु –उत्पाद खाद्य विकिरण एकाइहरू स्थापित गर्नका लागि एक हजार करोढ रूपियाँ शामेल छ।

Krishi sampada

मन्त्रीमण्डलको मन्जुरीमा पन्द्रहौं वित्त आयोग चक्रको बेला प्रधानमन्त्री किसान सम्पदा योजना अन्तर्गत स्वीकृत परियोजनाका लागि नौं सय बीस करोढ रूपियाँ पनि शामेल छ ।

मन्त्रीमण्डलले बर्ष दुई हजार पच्चिस –छब्बीस देखी दुई हजार अठाइस – उनतिस सम्म चार बर्षको अवधिका लागि , दुई हजार करोढ रूपियाँका परिव्ययका साथ केन्द्रीय योजना राष्ट्रीय सहकारी विकास निगम अनुदान सहायता – NCDC लाई पनि मन्जुरी दिएको छ।

आर्थिक मामिलाहरूको मन्त्रीमण्डल- समितिले महाराष्ट्र , मध्यप्रदेश , पश्चिम बंगाल, बिहार , ओडिसा र झारखण्ड राज्यहरूको तेह्र जिल्लाहरूका लागि चार multi-tracking परियोजनाहरूलाई मन्जुरी दिएको छ। यसपछि , भारतीय रेलवे बर्तमान नेटवर्कको लगभग पाँचसय चौहत्तर किलोमिटर को विस्तार हुनेछ।

**झारखण्ड**

राष्ट्रपति द्रौपति मुर्मुले देवघरको अखिल भारतीय आयुर्विज्ञान संस्थान AIIMS ले पाँच जनजाती गाउँहरू आफ्नो स्थापनाको छ बर्ष भित्रनै ती गाउँका मानिसहरूकालागि AIIMS देवघरले पहिले भन्दा राम्रो **प्राथमिक** स्वास्थ हेरचाह तथा चिकित्सा सुविधाहरू सुनिश्चित गरेको छ । झारखण्डको देवघरको पहिलो दीक्षान्त समारोहमा , राष्ट्रपति मुर्मु, मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुनथ्यो ।

श्रीमती मुर्मुले जनजातीयहरूको स्वास्थ्यका लागि क्षमताको केन्द्र भनि स्थापित भएकोमा पनि AIIMS देवघरलाई बधाई दिनुभयो। यो संस्थानले अरूको लागि एउटा उदाहरण स्थापित गरेकोछ. उहाँले भन्नुभयो। संस्थानका शिक्षाविद्हरूमा स्वर्ण पदक विजेता र शीर्षमा आउनेहरूलाई सम्मान प्रदान गर्दै राष्ट्रपति मुर्मुले पुरस्कार प्राप्त गर्ने हरूमा पचास प्रतिशत भन्दा बढि महिलाहरू भएकोमा प्रसन्नता व्यक्त गर्नुभयो।

**सीबीआई-गिरफ्तार**

केन्द्रीय अन्वेषण ब्यूरो-सी.बी.आई-ले कथित घूसको मामिलामा दिल्ली विकास

प्राधिकरणका एक जना  अधिकारीलाई गिरफ्तार गरेको छ । सी.बी.आई को बयान अनुसार आरोपी अधिकारीले शिकायतकर्ता संग उहाँको दोकानको फ्रीहोल्डका लागि आवेदन अघि बढ़ाउने सिलसिलामा कथित रूपले पचास हजार रूपियाँको घुसको मांग गरेका थिए । सी.बी.आईले बताए अनुसार अधिकारीलाई पचास  हजारको मांग  गर्दै शिकायतकर्ताबाट बीस हजार रूपियाँको घूस लिँदै गरेको रंगे हात पक्डिएको छ।

## 5 पद्म पुरस्कार

पद्म पुरस्कारका लागि नामाङ्कन र सिफारिसको अन्तिम तिथि पन्द्रह अगस्त  सम्म बढ़ाइएको छ । पुरस्कारका लागि नामाङ्कन केवल राष्ट्रीय पुरस्कार पोटलमा अनलाइन प्राप्त  गरिनेछ । वर्ष दुई हजार छब्बीसका लागि पद्म  पुरस्कारहरूको घोषणा गणतन्त्र दिवस,  दुई हजार छब्बीसको अवसरमा गरिने छ। यी पुरस्कारहरूमा - पद्म विभूषण, पद्म भूषण र पद्म श्री, सर्वोच्च नागरिक पुरस्कार शामेल छ । यो पुरस्कार विशिष्ट कार्यहरूलाई मान्यता प्रदान गर्नका लागि सबै क्षेत्र  र विषयमा विशिष्ट र असाधारण उपलब्धिहरू तथा सेवाका लागि दिइन्छ ।

## नेपाल - बाढ़

तिब्बतबाट नेपाल तर्फ बहने **लहेन्डे** नदीमा एकपल्ट फेरी भीषण बाढ़ आएको छ , जसले नेपालमा भोटेकोशी नदीमा आएको  महिलाले रसुवा जिलामा स्याब्रुबेसी-रसुवागढ़ी सड़क मार्गलाई एक पल्ट फेरी अवरुद्ध  गरेको छ । यस बाढ़ले नुवाकोट र रसुवा जिलाको सीमामा स्थित उत्तरगया धामलाई जलमग्न  गरेको छ।

रसुवा, नुवाकोट र धाडिग जिलामा भोटे कोशी र त्रिशूली नदीको किनारमा बस्ने मानिसलाई सतर्क गरिएको छ। मौसम विभागले भनेको छ, यस समय मनसूनी हवाको असर सारा देशमा छ। गण्डकी प्रान्तको पहाड़ी इलाकामा भारी बर्षाको अनुमान गरिएको छ। ।

## 30 आरएसएस- प्रमिला मेढे मृत्यु

राष्ट्र सेविका समितिकी पूर्व प्रमुख सन्चालिका प्रमिला मेढेको आज बिहान नागपुरमा निधन भएको छ। उहाँ सन्तानब्बे सालकी हुनुहुनथ्यो। उहाँको अन्तिम संस्कार भोली बिहान नागपुरमा गरिने छ।

## मकाऊ ओपन

बैडमिनटनमा भारतका **तरूण मन्नेपल्ली र लक्ष्य सेन** Macau Open टुर्नामेन्टको पुरूष सिङ्गलको क्वाटर फाइनलमा प्रवेश गरेका छन्।

## मौसम

मौसम विभागले आज असम र मेघालयमा मूसलधारे बर्षाको अनुमान व्यक्त गरेको छ। विभागले अघिलो छ देखी सात दिनका लागि पूर्वोत्तर भारतमा भारी वर्षाको ओरेन्ज अलर्ट जारी गरेको छ। यसै बीच राजस्थानमा पनि आज भारी बर्षाको ओरेन्ज अलर्ट जारी गरेको छ। ।

**आकाशवाणीबाट सुन्दैहुनुहुनथ्यो समाचार पूरा भयो।**